जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २६३ २०८२ साल जेठ १० गते शनिबार (24 May 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : पैसा कमाउने स्मार्ट उपाय ... ३ पृष्ठमा : 'कर्मचारीमा काम गर्ने ... ३ पृष्ठमा : युनुस पदबाट हट्नु ...

# सरसफाईकर्मीले काम छाडेपछी नगर दुर्घन्धीत

## योजना अधिकृतलाई सरुवा र कारवाही नगरे सम्म काममा नफर्किने सरसफाइकर्मीको अडान





**दैनिक समाचारदाता**
**राजविराज, ९ जेठ ।**

राजविराज नगरपालिकाका सरसफाई कर्मचारीहरु दुई दिन देखी काम बन्द गरी आन्दोलनमा उत्रेपछी नगरक्षेत्रको फोहर संकलन कार्य बन्द भएको छ। जसले गर्दा बजारक्षेत्र दुर्गन्धीत बन्न पुगेको छ।

गत वर्ष असार महिनाको १६ दिनको बक्यौता तलब पाउनु पर्ने माग राख्दै विहीवारदेखी राजविराज नगरपालिकाका सरसफाईकर्मीहरु काम बन्द गरी धर्नामा बसेका हुन।

नगरपालिका कार्यालयका योजना फाँटका अधिकृत मनोज यादवका कारण समयमा तलब पाउन नसकेको उनीहरुको गुनासो छ। सरसफाईकर्मीहरु काम छाडेर आन्दोलनमा उत्रेपछि नगरक्षेत्रको फोहर मैला व्यवस्थापन गर्न समस्या उत्पन्न हुने देखेर शुक्रवार कार्यबाहक नगर प्रमुख इसरत परवीनको पहलमा कार्यपालिकाको बैठकबाट निर्णय गरि उनीहरुको बाकी तलब तत्काल भुक्तानी गरिएको छ। तर तलब पाएपनि आन्दोलनरत सरसफाईकर्मीहरुले पुन: अर्को माग राखी धर्ना कार्यक्रमलाई निरन्तरता दिएका छन।

सरसफाईकर्मी युनियनका अध्यक्ष मनोज मेहतरले योजना अधिकृत यादवले बेलैमा तलब

*बाँकी अन्तिम पृष्ठमा*

# मधेस सरकारमा मन्त्रिपरिषद् पुनर्गठन

**दैनिक समाचारदाता**
**धनुषा, ९ जेठ।**

मधेस सरकारमा मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ। मुख्यमन्त्री सतिशकुमार सिंहको नेतृत्वमा मधेस सरकारको मन्त्रिपरिषद् पुनर्गठन भएको हो।

पुनर्गठित मन्त्रिषरिषद्मा जनमत पार्टीका तर्फबाट बसन्तकुमार कुशवाहा र सञ्जय यादवले मन्त्रीका रूपमा बिहीबार पद तथा गोपनीयताको शपथ लिएका छन्।

कुशवाहालाई उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय तथा यादवलाई बन तथा बातावरण मन्त्रालयको जिम्मेवारी दिइएको छ।

यसअघि उक्त दुवै मन्त्रालय जनमत पार्टीबाटै रहेको थियो। पार्टीले उद्योग तथा पर्यटनमन्त्री सकिलमियाँ अन्सारी र बन तथा बातावरणमन्त्री त्रिभुवन साहलाई फिर्ता बोलाइएको हो।

पुनर्गठित मन्त्रिपरिषद्को मुख्यमन्त्रीमा सतिशकुमार सिंह, गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, भौतिक पूर्वाधारमन्त्री सरोज यादव, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्री, शिक्षा तथा संस्कृतिमन्त्री रानी तिवारी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधन सिंह, अर्थमन्त्री सुनिल यादव, खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवाल, ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, श्रम तथा यातायातमन्त्री कौशलकिशोर राय, उद्योग, बाणिज्य तथा पर्यटनमन्त्री बसन्तकुमार कुशबाहा र बन तथा बातावरणमन्त्री सञ्जयकुमार यादव रहेका छन्।

कुशवाहाले यसअघि पनि प्रदेश सरकारमा कृषिमन्त्रीका रूपमा कार्यानुभव हासिल गरिसकेका छन भने यादव पहिले राज्यमन्त्रीको भूमिकामा रहेर सरकार सञ्चालनमा संलग्न थिए।

# बैंक सुरक्षा गार्ड सुत्ने कोठाबाट हतियारसहित अन्य सरसामान चोरी गरि फरार चोर पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, ९ जेठ।**

बैंकको सुरक्षा गार्ड बस्ने कोठाबाट हतियारसहित अन्य सरसामान चोरी गरि फरार भएका चोर केही घण्टाभित्रै पक्राउ परेको छ।

प्रहरीका अनुसार बिहीबार मध्यराती सप्तरीको खडक नगरपालिका ७ स्थित नेपाल बैंक लिमिटेडको कल्याणपुर शाखामा चोरी भएको थियो।

चोरले कम्प्युटर स्क्यानर दुई थान, ल्यापटप दुई थान, खुकुरी दुई थान, सर्ट गनमा लाग्ने कार्टिज २० राउण्ड, एक नाले १२ बोरको हतियार, सिमकार्ड एक थान, घडी दुई थान, मोबाईल पाँच थान, मिनि स्पीकर एक थान र डिजिटल तराजु लगायतका सामाग्रि चोरेर लगेका थिए।

बैंकको सुरक्षा गार्ड सप्तरीको शम्भुनाथ नगरपालिका ७ का ३९ बर्षीय प्रमोद चौधरी र कञ्चनरुप नगरपालिका ५ का ४४ बर्षीय परशुराम चौधरी दुवैजना बैंकको सुरक्षा गार्ड कोठामा सुतिरहेका बेला दराजबाट चोरले उक्त परिमाणको □सामान चोरी गरि लगेका थिए।

घट्ना पश्चात प्रहरीले बैंकमा जडान गरिएको सिसि टिभि क्यामरा फुटेज नियाल्दै अनुसन्धान अगाडी बढाएको थियो। सोही क्रममा इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको टोलीले सिरहा प्रहरीको सहयोगमा शुक्रबार बिहान ३ बजेतिर एक जनालाई पक्राउ गर्न सफल भयो।

पक्राउ परेका व्यक्ति सप्तरीको खडक नगरपालिका वडा नम्बर ६ बिरपुर घर भएका २० बर्षीय अपसाद अन्सारी रहेको प्रहरीले जनाएको छ।

अन्सारीलाई सिरहा प्रहरीको सहयोगमा चोरी भएका सामानसहित लहानबाट नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

**कर परामर्श सेवा केन्द्र**
**राजविराज-४**

**कर्मचारी आवश्यकता**

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्रह) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्ना प्रमाण पत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ।

१. **पद** :- कम्प्युटर अपरेटर
२. **संख्या** :- १ एक
३. **योग्यता** :- वाणीज्य विषयमा न्युनत्तम +२ उतीर्ण भएको।
४. **पारिश्रमिक** :- आपसी सहमतिमा तय गरिने छ।
५. **परिक्षाको किसिम** :- प्रतियोगात्मक तथा अन्तरवार्ता।
६. **सम्पर्क नं.** :- ९८०१५३०५७७/९८०४७९८८०८

***नोट :- कम्प्युटरमा एकसल, ट्यालीमा दक्षता प्राप्त हुनु पर्ने छ।***

**चट्याङबाट बच्न निम्न उपाय अपनाऔं।**

**घरबाहिर हुँदा**

- आकाशमा बिजुली चम्किदा, गडयाङगुडुङ हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौं,
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भुँईमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुँदा**

- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोबाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भर्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भ्रष्टाचार नियन्त्रण आवश्यक

अहिले नेपालमा भ्रष्टाचार दीर्घकालीन समस्या बनेको छ । हरेक तह र तप्कामा यसको जरा फैलिएको छ । चाहे त्यो शिक्षा, स्वास्थ्य, निर्माण, न्याय प्रणालीदेखि प्रशासनसम्म कीन नहोस् सबै क्षेत्रमा भ्रष्टाचार फैलिएको छ । नागरिकको विश्वास गुमाउँदै गरेको राज्य संयन्त्रभित्र नैतिकता, जवाफदेहीता र पारदर्शिताको अभावले यो प्रवृति झनै मौलाउँदै गएको देखिन्छ ।

जब सुविधा, पहुँच र नाता सम्बन्धले नियमभन्दा माथि स्थान पाउँछ, तब त्यसले अनैतिक अभ्यासलाई उक्साउँछ । जब योग्यताको सट्टा सिफारिसको बोलबाला हुन्छ, तब क्षमताको हत्या हुन्छ । र, जब कानुनी कारबाही भन्दा पनि मिलापत्र, भागबन्डा र मौन सहमतिले काम चलाइन्छ, तब भ्रष्टाचार मौलाउने मात्र होइन, संस्थागत पनि हुन्छ । भ्रष्टाचारलाई निमन्त्रणा दिने सामाजिक, राजनीतिक र सांस्कृतिक संरचना हाम्रो मौन स्वीकृतिबाट बनेका हुन् । यसका विरुद्ध आवाज उठाउनु मात्र पर्याप्त छैन । अभ्यासमा पनि इमानदारिता देखिनु आवश्यक छ । नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा जनसहभागिता, पारदर्शिता र स्वतन्त्र अनुगमन अनिवार्य हुनुपर्छ ।

यदि हामी अब पनि मौन बस्यौं भने, भ्रष्टाचारलाई रोक्ने होइन, झन् निम्त्याउने काम गरिरहेका हुनेछौं । तसर्थ अब हामी इमान, निष्ठा र उत्तरदायित्वको बाटो रोज्न सकिएनौं भने यसले सबैलाई सिध्याउन बेर लाग्दैन् ।

# पैसा कमाउने स्मार्ट उपाय : पुँजी बजार लगानीको रहस्य

**अचुतकुमार ओझा**
काठमाडौं, ९ जेठ (रासस) ।

पुँजी बजारमा केही अदृश्य रहस्य रहेका हुन्छन् । यसलाई पहिचान गर्नसक्नु नै लगानी सफलताको हो । एकै समय एकथरी लगानीकर्ता बजारमा लाभका हिसाबले उच्च आशा र भरोसा राख्ने गर्दछन्, भने अर्काथरी डर र त्रासले भरिएका हुन्छन् । यसले गर्दा बजारको सूचाङ्क घटबढ भइरहन्छ । बजारको वास्तविक सुन्दरता नै यसको उतारचढाव हो । यही तलमाथि भइरहने बजारको चरित्ररुपी रसीले मान्छेलाई बजारबाट भाग्न दिँदैन, कसेर राखी राखेको हुन्छ । हरेक लगानीकर्तामा पैसाको भोक रहनु सामान्य हो तर त्यसको खुराक भेटाउन सक्ने उर्बर ठाउँ धितोपत्र बजार हुन सक्छ । यसका लागि पैसा कमाउनेभन्दा बनाउन जान्नु आवश्यक छ, पुँजी बजारले कसरी पैसा छाप्छ ? भन्ने जादुमयी रहस्य बुझेपछि मात्रै सम्भव छ ।

बजारमा भएको जोखिम थाहा पाउँदै आफ्नो अध्ययन, क्षमता, सीप र अनुभव बढाउँदै त्यसको न्यूनीकरण गरेर बजारबाट खजना कसरी लिन सकिन्छ ? त्यो बताउनु यसको मुख्य प्रयास हो । धितोपत्र बजारले सीमित आयमा खुम्चिएका र एक किसिमलेभन्दा अभावमा बाँचिरहेका व्यक्तिलाई कसरी अवसर दिन सक्छ ? त्यो अवसरले कसरी आर्थिक सुरक्षाबाट स्वतन्त्रताको स्तरसम्म पुऱ्याउन सक्छ ? र त्यो रहस्यमयी काम कसरी गरिरहेको हुन्छ ? हरेक व्यक्तिले बुझेर बजारमा डुबुल्की मार्ने हो भने उसले वित्तीय स्वतन्त्रता पाउने पक्का छ । बजारले गर्ने चमत्कारी काम थोरै समय निकालेर अध्ययन गर्ने हो भने सजिलै पहिचान गर्न सकिन्छ । यस्तो भित्री तत्व थाहा नपाई लगानी गर्नेले भन्दा थाहा पाएर गर्नेले धेरै लाभ बजारबाट उठाउन सक्छ, प्रतिस्पर्धाको दौडमा विजेतालाई दिइने पदकको हकदार हुने पक्कापक्की छ ।

पैसा कमाउने विभिन्न स्मार्ट तरिकाहरू हुने गर्छन् । कुनै समय एउटा खर्बपति जन्मन दशकौं लाग्थ्यो तर वर्तमान समयमा एक दुई वर्षमा जन्मनसक्ने भएको छ । यस्तो कसरी सम्भव भयो ? हरेक व्यक्तिमा जिज्ञासा रहनु स्वाभाविक हो । खासगरी प्रविधिको विकास र फैलँदो धितोपत्र बजारका कारण यो जादु देखिने गरेको छ । बिलिनियर बन्ने थुप्रै स्मार्ट तरिकामध्ये धितोपत्र बजारको महत्व सबैभन्दा माथि छ । यदि हामीले त्यसले कसरी काम गर्छ ? बजारमा कस्तो जादु हुन्छ ? रहस्य के छ ? थाहा पाउन सक्यौं भने धनी हुने बाटो धेरै टाढा रहँदैन । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को तथ्याङ्कलाई हेर्ने हो भने सन् १९९३ मा १५७ विन्दुबाट सुरुआत भएर सन् २००० मा ५४५ विन्दुमा पुग्यो तर त्यसको १८ महिनामा नै बजार १८६ अङ्कमा झऱ्यो । पुनः सुधार हुँदै सन् २००८ मा ११७५ को विन्दु चुम्न पुग्यो तर २०१२ मा परिसूचक २९८ मा झऱ्यो ।

सन् २०१६ मा १८८१ विन्दुको शिखर टेक्न सफल भएकामा फेरि २०१६ देखि २०१९ भित्रमा परिसूचक ११०४ मा ओर्लियो । त्यसपछि २०२१ मा लगभग ३२०० अङ्कको सर्वकालीन उच्च विन्दुमा पुग्यो र २०२२ मा आइपुग्दा पुनःलगभग १८०० अङ्कमा सीमित भयो । क्रमशः सुधार हुँदै सन् २०२५ मा आइपुग्दा सूचकाङ्क २७१० को सेरोफेरोमा घुमिरहेको छ । यस तथ्याङ्कले के देखाउँछ भने बजार बुल हुँदा प्रवेश गरेकाहरू पनि अघिल्लो बुलदेखि दोस्रो बुलसम्म धैर्यता राख्न सक्छन् भने बढ्दो बजारको फाइदा नै पाउनेछन् । तथ्याङ्कमा एक बुलदेखि अर्को बुलमा पुग्दा बजारको वृद्धि औसतमा ७० प्रतिशत देखिन्छ । हरेक पटक उच्चविन्दुमा परेकाहरू अर्को पटकको उच्च विन्दुमा निस्कन पाउने हो भने सम्पत्ति ७० प्रतिशत बढ्ने देखिन्छ । आफ्नो लगानीको ६०० प्रतिशत प्रतिफल बजारबाट लिनसक्ने इतिहास विगतको अवस्थाले देखाउँछ ।

सानो रकमबाटै सुरुआत गर्न सकिने : पुँजी बजार त्यो स्थान हो जहाँ सानो रकमबाट आफ्नो लगानीको यात्रा प्रारम्भ गर्न सकिन्छ । धितोपत्र बजारबाहेक सायद अन्य कुनै ठाउँ छैन जहाँ रु एक हजार लगानी गर्न सकियोस् र प्रतिफलको अपेक्षा राख्न पाइयोस् । रियलस्टेट, यातायात व्यवसाय, मुद्रा बजार वा सुनचाँदीलगायतको उद्यममा यति थोरै लगानीबाट सुरुआत गर्न सम्भव छैन । पुँजी बजार यस्तो स्थान हो, जहाँ सानो रकमदेखि संसारको धनाढ्यको सबै सम्पत्ति लगानी गर्न सकिन्छ । टीका लगाएको दक्षिणा, खुत्रुकेमा राखेको सानोसानो बचत वा आफ्नो बिक्री गरेको पूरा सम्पत्ति थोरैदेखि धेरै सबैखाले रकम पुँजी बजारमा अट्ने गर्छ । आफ्नो हैसियतअनुसार कम चाहिएमा थोरै र बढी चाहिएमा धेरै रकम धितोपत्र बजारमा लगानी गर्न सकिन्छ । यो बजारमा धनीदेखि सामान्य व्यक्ति सबै अट्न र कमाउनसक्ने अवसर रहेको हुन्छ ।

दीर्घकालीन सम्पति सिर्जना : पुँजी बजार यस्तो स्थान हो जहाँ सही लगानी गर्न सकियो भने पाँच, १० वा २० वर्षको समयमा राम्रो सम्पत्ति बनाउने सम्भावना रहन्छ । खासगरी थोरै पैसाबाट सुरुआत गरेर बजारको खेल सिक्दै र लगानी फैलाउँदै धनको सिर्जना गर्न सकिन्छ । चाहे त्यो संस्थापक सेयर होस्, प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) वा दोस्रो बजारमा लगानी गर्दै गएमा लामो समयमा सेयर बजारले सम्पत्तिको कम्पाउडिङसमेत गर्नसक्ने हुँदा सेयरमा गरिएको लगानीले दीर्घकालीन सम्पत्ति बनाउन मद्दत गर्छ । संसारका सबै सेयर बजारको इतिहास हेर्ने हो भने लामो समयमा बढेर गएको देखिन्छ, जसले लगानीकर्ताको सम्पत्ति बढाउने र बैंकमा राखेर प्राप्त हुने ब्याजभन्दा उच्च प्रतिफल दिएको तथ्याङ्कहरूले देखाउने गरेको पाइन्छ ।

यसर्थ, सेयर बजारमा गरिएको लगानीले सम्पत्ति बनाउन टेवा पुग्नुका साथै उक्त सम्पत्तिबाट नियमित लाभ लिँदै आर्थिक स्वतन्त्रताको बाटोमा आफूलाई हिँडाउन सहज हुनेछ । नेपालको नेप्सेलाई हेर्ने हो भने करिब २७ वर्षको अवधिमा १५७ अङ्कबाट ३२०० विन्दुमा पुगेको देखिन्छ । यसमा नेप्से परिसूचकको औसत चक्रिय वार्षिक वृद्धि हेर्ने हो भने हरेक वर्ष १४ दशमलव २३ प्रतिशतको देखिन्छ ।

नगदमा तुरुन्त बदल्न सकिने : धितोपत्र बजारमा गरिएको लगानी संसारको सबैभन्दा छिटो नगद बनाउन सकिने सम्पत्तिमध्ये एक हो । उदाहरणको लागि रियलस्टेट, गाडी, मेसिन वा अन्य सम्पत्तिलाई तत्काल नगदमा बदल्न असम्भव हुने गर्छ तर धितोपत्र बजारका उपकरणहरूलाई सजिलै रुपान्तरण गर्न सकिन्छ । पुँजी बजारका औजारहरू (सेयर, डिबेञ्चर, बण्ड र हकप्रद सेयर, म्युचुअल फण्ड आदि) जति छिटो अन्य व्यवसाय वा सम्पत्तिलाई नगदमा परिवर्तन गर्न सम्भव छैन । मानिसलाई चाहिने आपत्कालीन कोषदेखि भैपरी आउने खर्चसमेत धितोपत्र उपकरणमा लगानी गरेर राखिएको छ भने पनि चाहिएको समयमा बिक्री गरेर आवश्यक रकम निकाल्न सकिन्छ । चाहिएको समयमा नगदमा बदल्नुपर्ने पैसासमेत धितोपत्र बजारमा लगानी गर्नु उपयुक्त हुनसक्ने देखिन्छ । खासगरी लगानी गरिरहेको समयमा कुनै नयाँ र उच्च मुनाफामुखी अवसर प्राप्त हुन आएमा तरलताकै अभावमा त्यस्ता आयोजना छोड्नुपर्ने अवस्था आउँदैन ।

उच्च प्रतिफलको सम्भावना हुने : धितोपत्र बजार सम्भावना र जोखिमको क्षेत्र हो । यदि बजारको राम्रो अध्ययन, विश्लेषण र अभ्यास गर्नसक्ने हो भने नसोचेको लाभ लिन सकिन्छ । एकपटक लगानी गरेपछि वर्षौंसम्म प्रतिफल लिन सकिन्छ । धितोपत्रमा गरेको लगानीबाट बोनस, हकप्रद र नगद लाभांश लिन सकिन्छ । बजार बढ्दै गर्दा र आफूले किनेको कम्पनीको मूल्य खरिद गरे भन्दा उच्च हुँदै जाँदा बढीमा बिक्री गरेर पुँजीगत लाभसमेत लिन सकिन्छ । बजारमा वृद्धि र गिरावटको चक्र चलिरहेकै हुन्छ । न्यूनविन्दुको आसपास खरिद र उच्चविन्दुको छेउछाउ बिक्री गर्नसक्ने सीप र कला यदि लगानीकर्ताले आफूमा विकास गर्न सक्ने हो भने बजारबाट नसोचेको लाभ लिनसक्ने अवस्था बन्छ । सही समयमा ठीक लगानी गर्नसक्ने क्षमता आफूमा विकास गर्नसक्ने हो भने बजारबाट उच्च प्रतिफल पाउने निश्चित छ ।

मालिक बन्ने अवसर : सेयर खरिद गर्नु भनेको केवल लगानी गर्नुमात्रै होइन, बरु आफूले खरिद गरेको सेयर बराबर सम्बन्धित कम्पनीको स्वामित्व प्राप्त गरेर स्वामी बन्नु पनि हो । जो व्यक्ति आफैं कम्पनी खोलेर व्यवसाय निर्माण गर्न सक्दैन वा भ्याउँदैन तर कम्पनीको मालिक बनेर उद्यम गर्न चाहन्छ भने त्यस्ता व्यक्तिका लागि कम्पनीमा जोडिने र आम्दानीको स्रोत विस्तार गर्ने उपयुक्त माध्यम नै सेयर बजार हो अर्थात् सेयरको खरिद गर्नु हो । यसैले सेयर किन्नु भनेको कम्पनीको निश्चित हिस्सा खरिद गर्नु हो । सेयर बजारले कम्पनी खडा गर्न नसक्नेलाई सेयर हिस्सा किनेर पनि मालिक बन्नसक्ने अवसर प्रदान गर्दछ । एउटा सेयर धनीले चाहेमा प्रतिस्पर्धाबाट छनोट हुँदै सञ्चालकसम्म बन्नसक्ने अवसर सेयर बजारले दिन सक्छ । यस कारण पुँजी बजार लगानीको अवसर मात्रै नभई कम्पनीको नेतृत्व गर्ने आधारस्तम्भ पनि हो ।

आफ्नो पेसा तथा व्यवसायसँगै गर्न सकिने : सेयर बजारमा लगानी गर्नका लागि लगानीकर्ताले गरिरहेको रोजगारी, उद्यम वा व्यवसाय छोडेर समय दिइरहनु पर्दैन । यसका लागि अन्य पेसा तथा व्यवसायलाई निरन्तरता दिएर नै लगानी गरिराख्न सकिन्छ । पुँजी बजारमा प्रवेश र कारोबार गर्नका लागि आफ्नो भइरहेको पेसा व्यवसायले कुनै अवरोध र बाधा पुऱ्याउँदैन । बरु धितोपत्र बजारमा लगानी गरिरहेका व्यक्तिले चाहेमा नयाँ पेसा वा व्यवसाय गर्नका लागि कुनै रोकतोक रहँदैन । सेयर बजारमा गरिने लगानी र व्यवसायसँगै गर्न सकियो भने लगानी विविधीकरण हुने र आम्दानीका नयाँ स्रोतसमेत प्राप्त हुने देखिन्छ । आफूले सञ्चालन गरिरहेको वा गर्न चाहेको व्यवसायलाई निरन्तरता दिँदै साथमा पुँजी बजारमा गरिने लगानीलाई अगाडि बढाउन सकियो भने एउटा क्षेत्रमा नोक्सान हुँदा अर्को क्षेत्रमा प्राप्त हुने मुनाफाले आफ्नो व्यवहार सञ्चालन गरी राख्न सकिन्छ ।

अनलाइनबाट कारोबार : विगतका समयहरूमा धितोपत्रमा लगानी गर्दा खासगरी प्रारम्भिक सार्वजनिक निष्कासनमा आवेदन दिनुपर्दा घण्टौंसम्म लामो लाइनमा उभिएर फाराम भर्नुपर्थ्यो भने भौतिकरूपमा सशरीर आफैं उपस्थित हुनुपर्ने स्थिति थियो । दोस्रो बजारमा कारोबार गर्दा धितोपत्र दलाल कम्पनीमा जानुपर्ने र खरिद वा बिक्रीका लागि आवश्यक आदेश फाराम भर्ने गर्नुपर्थ्यो । अहिले यी दुवै समस्याको समाधान भइसकेको छ । आइपिओमा मेरो सेयर, सिआस्बा, डिम्याट, बैंक खाता र प्यान नम्बर भएपछि आफू बसेको स्थानबाट नै अनलाइनमार्फत आवेदन गर्न सकिन्छ ।

यस्तै दोस्रो बजारमा कारोबार गर्न ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) खाता खोल्नुपर्ने हुन्छ । यस्तो खाता खोलिसकेपछि उक्त खातामार्फत आफूसँग भएको धितोपत्रलाई बिक्री गर्न सकिन्छ भने आवश्यक कोल्याटर जम्मा गरेर धितोपत्रको खरिद गर्न पनि पाइन्छ । यसका लागि लगानीकर्ता ब्रोकरको कार्यालय धाइरहनु पर्दैन । पहिलाको जस्तो ब्रोकरले आफ्नो आदेश राखिदियो दिएन भन्ने कुनै दुविधा पनि रहँदैन, अहिले आफैंले सिधै आदेश टिएमएस प्रणालीमा राख्नसक्ने भएकाले आफू जहाँ भए तापनि धितोपत्रको कारोबार गर्न सकिन्छ । यसरी खरिद गरेको धितोपत्रको भुक्तानी गर्नुपरेमा वा बिक्री गरेको धितोपत्रको रकम प्राप्त गर्नुपरेमा डिजिटल बैंकिङमार्फत गर्न सकिने भएकोले स्वदेश वा विदेश जहाँ रहेर पनि धितोपत्र कारोबार गर्न सकिने अवस्था बनेको छ ।

निष्क्रिय आय : हरेक मानिसले जीवनमा समय र वित्तीय स्वतन्त्रता खोज्ने गर्दछन् । यी दुवै स्वतन्त्रताको मूल स्रोत तपाईंको निष्क्रिय आयमा (पेपर एसेष्ट, रियलस्टेट, कमोडिटी, सिस्टम व्यवसाय आदि) भर पर्छ । जबसम्म सक्रिय आयमा (आत्मनिर्भर, स्वरोजगारी वा रोजगारी) हाम्रो आम्दानी सीमित रहन्छ, तबसम्म समय र वित्तीय स्वतन्त्रताको स्वाद लिन सकिँदैन । यसरी आफ्नो समय र जवानी सुम्पिएर गरिने आयमा खुम्चिएर रहनुभन्दा त्यस्ता सक्रिय आयलाई निष्क्रिय आयमा बदल्न जानियो र सकियो भने जीवनको सुख र

***बाँकी तीन पृष्ठमा***

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'पत्रकारिता क्षेत्रको विकास गर्न आवश्यक सहयोग गर्ने'

जनकपुर, ९ जेठ (रासस) ।

मधेस-प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पत्रकारिता क्षेत्रको विकासका लागि आवश्यक सहयोग गर्ने बताउनुभएको छ। विगतमा विभिन्न कारणले पत्रकारिता क्षेत्रलाई चाहिनेजति सहयोग गर्न नसकेको उहाँले उल्लेख गर्नुभयो ।

मधेस-प्रदेश सरकार र सार्वजनिक सेवा प्रसारण नेपालबीच मधेस प्रदेशको राजधानी जनकपुरधामको मधेस भवनमा मधेस ब्युरो कार्यालय सञ्चालन गर्ने सम्बन्धी सम्झौतापत्र आदानप्रदान कार्यक्रममा मुख्यमन्त्री सिंहले आउँदो बजेटमा पत्रकारिता क्षेत्रको विकासका लागि थप बजेट विनियोजन गरिने बताउनुभयो। सो बजेट मधेस प्रदेशको गृहसञ्चार तथा कानुन मन्त्रालयमार्फत पत्रकारिता क्षेत्रको विकासका लागि खर्च गरिने उहाँले बताउनुभयो ।

सार्वजनिक सेवा प्रसारण नेपालअन्तर्गतको रेडियो नेपाल तथा नेपाल टेलिभिजनको स्टुडियोसहितको मधेस ब्युरो कार्यालय मधेस भवनबाट सञ्चालन हुनु गर्वको विषय भएको उल्लेख गर्दै मुख्यमन्त्री सिंहले यस संस्थाले सरकार र जनताबीचको पुलको काम गर्ने आशा व्यक्त गर्नुभयो। उहाँले मधेस प्रदेश सरकारको सानो सहयोगमा प्रदेशको गतिविधि, केन्द्र, देश तथा विश्वभरिका आमजनतामा पु्याउन रेडियो नेपाल तथा नेपाल टेलिभिजनको भूमिका महत्वपूर्ण भएको र अगामी दिनमा थप प्रभावकारी बन्ने आशा व्यक्त गर्नुभयो ।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले सानो सहयोगले नेपालमा इतिहास बोकेको रेडियो नेपाल तथा नेपाल टेलिभिजनको ब्युरो कार्यालय स्थापना हुनु गर्वको विषय भएको बताउँदै यसबाट मधेसका जनताको चाहना र इच्छा सार्वजनिक सेवाबाट मुखरित हुने आशा व्यक्त गर्नुभयो ।

सार्वजनिक प्रसारण सेवा नेपालका कार्यकारी अध्यक्ष डा महेन्द्र विष्टले मधेस प्रदेशको राजधानी जनकपुरधाममा सार्वजनिक सेवा प्रसारण नेपालको भौतिक उपस्थितिले यस प्रदेशको गतिविधि अझ बढी जनतामाझ प्रवाहित हुने बताउनुभयो । उहाँले सार्वजनिक सेवा प्रसारण नेपालले जनताको बोली बोल्ने भएकाले सरकारले पनि जनताका लागि काम गर्ने हुँदा सरकारको गतिविधि जनतासमक्ष ब्युरो कार्यालयबाट प्रभावकारी किसिमले पुग्ने बताउनुभयो। सरकारले प्रयोग गर्दै आएको कभर्डहलसँगैको चार कोठामा सार्वजनिक सेवा प्रसारण नेपालको रेडियो नेपाल तथा नेपाल टेलिभिजनको स्टुडियोसहितको संरचना निर्माण गरेर यसै ठाउँबाट विभिन्न प्रकारको प्रसारण सामग्रीको उत्पादन गरेर रेडियो नेपालको प्रादेशिक प्रसारण कार्यालय बर्दिबास तथा नेपाल टेलिभिजनको इटहरीबाट प्रसारण केन्द्रबाट प्रसारण गर्ने सम्झौता भएको हो ।

मुख्यमन्त्री सिंह, प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री लेखी र सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा विष्टको उपस्थितिमा दुईपक्षीय सम्झौतापत्रमा हस्ताक्षर गर्ने काम सम्पन्न भएको हो। सम्झौता पत्रमा मधेस प्रदेश सरकारको तर्फबाट गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमलप्रसाद बराल तथा सार्वजनिक सेवा प्रसारण नेपालका तर्फबाट रेडियो नेपाल मधेस प्रदेश बर्दिबास कार्यालयका प्रमुख रामपुकार रामले हस्ताक्षर गर्नुभयो ।


तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :२०८१/०८२
चलानी नं. :

मिति : २०८२/०२/०९

सूचना ! सूचना !! सूचना !!!

उपभोक्ता समिति गठन गर्ने सम्बन्धी सूचना ।
सूचना प्रकाशित मिति : २०८२/०२/१०

उपरोक्त सम्बन्धमा यस गाउँपालिको लागि विनियोजित प्रदेश सर्शत अनुदानको तपसिलमा उल्लेखीत योजनाको उपभोक्ता समिति गठन देहायको मिति, समय र स्थानमा आम भेला बाट उपभोक्ता समिति र अनुगमन समिति गठन गरिने भएकोले सम्बन्धित सबै सरोकारवालाहरुलाई उपस्थितिको लागी यो सुचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| क्र. स | योजना /कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| १. | वडा नं.-५ लोहजरामा डिप बोरिङ्ग जडान कार्य | तिरहुत -०५ | ४०,००,००० ।०० | २०८२।०२।१७ | ०३:०० बजे | लोहजरा धताटोलको हनुमान मन्दिर नजिक |

ललन कुमार यादव
प्रमुख प्रशासकिय अधिकृत


## पैसा कमाउने...

खुसी थाहा पाउन सकिन्छ। यस्तो निष्क्रिय आय बढाउँदै लैजाने एक उत्तम उपाय हामीले प्राप्त गरेको सक्रिय आयलाई क्रमशः निष्क्रिय आय दिने सम्पत्तिमा लगानी बढाउँदै लैजानु हो। यस्ता सम्पत्ति मध्ये पुँजी बजार सबैभन्दा उपयुक्त रहने गरेको देखिन्छ। सेयर बजारमा थोरैबाट सुरुआत गर्न सकिन्छ भने ठूलो धनराशिलाई पनि लगानी गर्न पाइन्छ। यसरी गरेको लगानीले लगानीकर्तालाई निरन्तर लामो समय नगद, बोनस, हकप्रद वा पुँजीगत लाभका रूपमा निष्क्रिय आय दिइरहने गर्दछ। विश्वका धनीहरूको सबैभन्दा बलियो हतियार नै निष्क्रिय आय हो। जहाँ दैनिक कुनै पेसा वा व्यवसायमा उपस्थित भए जसरी हाजिर भैरहनु पर्दैन आफ्नो अनुकूल समयमा अध्ययन र मेहनत गर्न सकिन्छ। निष्क्रिय आय बढ्दै जाँदा मान्छेलाई रोबर्ट कियोसाकीले 'धनी बुबा गरिब बुबा' मा भने जस्तै दैनिक १०-५ बजेको 'र्याट रेस' बाट मुक्ति प्राप्त हुन्छ तर पनि प्रतिफल भने दिइ नै रहन्छ।

सम्पत्ति सुरक्षामा खर्च नहुने : कैयौं क्षेत्रमा हुने लगानीमा लगानीकर्ताले आफ्नो सम्पत्तिको रक्षाका लागि ठूलोमात्रामा धनराशि खर्च गर्नुपर्ने हुन्छ। यदि त्यसो गरिएन भने हराउने, टुटफुट हुने, नासिएर जाने वा चोरी हुनेजस्ता समस्या आउनसक्छ। खासगरी भौतिक सम्पत्तिमा भएको लगानी संरक्षणका लागि कहिलेकाहीँ उक्त सम्पत्तिले दिने प्रतिफलभन्दा पनि धेरै व्ययभार लाग्ने गरेको पाइन्छ। तर धितोपत्रमा गरिएको लगानी एक अभौतिक सम्पत्ति भएकाले यसको सुरक्षामा खासै खर्च लाग्ने गर्दैन। यो चोरी भएर वा हराएर जाने, आगलागी वा प्राकृतिक प्रकोपले नाश हुने, यसलाई राख्नका लागि ठूलो स्थान चाहिनेजस्ता समस्या रहँदैन। केबल कारोबारका लागि आफूमा ज्ञान, सीप र अनुभव बढाउनसक्ने हो भने पुँजी बजारबाट प्राप्त सम्पत्ति संरक्षणको लागि कुनै जोखिम लिनु पर्दैन।

लगानीमा विविधीकरण : सफल लगानीकर्ताले विभिन्न क्षेत्रमा लगानी गरिरहेका हुन्छन्। आफूसँग भएको पैसालाई पनि एउटै क्षेत्रमा नभई फरक क्षेत्रमा लगानी गर्न सक्ने हो भने जोखिम न्यूनीकरण र प्रतिफलको थप अवसर प्राप्त हुने देखिन्छ। यसैले लगानीकर्तालाई आफ्नो पुँजी सुरक्षित र बढी प्रतिफलमुखी विविधीकरणको लागि लगानी बनाउनका लागि अवसर धितोपत्र बजारले उपलब्ध गराउँछ। खासगरी धितोपत्र बजारमा धेरै किसिमका उपकरणहरू जस्तैः सेयर, डिबेञ्चर, बोण्ड, हकप्रद सेयर र म्युचुअल फण्ड आदि हुनेहुँदा आफ्नो क्षमता र योग्यताअनुसारको औजारमा लगानी गर्न सकिन्छ।

यस्तै सेयरमा लगानी गर्दा पनि फरक क्षेत्र (बैंक तथा वित्तीय, उत्पादन मुलक, विद्युत् र होटल आदि) का कम्पनीहरूको छनोट गरी लगानी विविधीकरण गर्न सकिन्छ। सेयर बजारले लगानी विविधीकरण मार्फत लगानीकर्तालाई कम जोखिममा धन प्राप्त गर्न मद्दत गरिरहेको हुन्छ।

चक्रिय वृद्धिः लगानीमा चक्रीय वृद्धि भनेको कुनै ठाउँमा गरिएको लगानीबाट प्राप्त लाभांशलाई पुनः त्यसै क्षेत्रमा लगानी बढाउँदै क्रमशः प्रतिफल बढाउँदै जाने र त्यसबाट प्राप्त आयलाई पुनःलगानी गर्ने, यस क्रमलाई निरन्तर लामो समयसम्म प्रयोग गरियो भने सम्पत्ति द्रुत गतिमा बढाउन सकिन्छ। यसले लगानी र मुनाफालाई झन छिटो बढ्न मद्दत गर्दछ। यसको बलियो उदाहरण वारेन्ट बफेटको लगानी रणनीतिलाई लिन सकिन्छ। बफेटले लगानीमा उच्च प्रतिफलभन्दा उचित प्रतिफलमा जोड दिए भने आठ दशकदेखि निरन्तर विनाविश्राम लगानी गरिरहेका छन्। उनलाई थाहा छ, लगानीमा सबैभन्दा शक्तिशाली भनेको समय हो, समयको सहयोगमा चक्र वृद्धिमार्फत अथाह धन जोड्न सम्भव छ। यसैका कारण दशकौंदेखि विश्वका १० धनीमध्ये एकमा आफूलाई टिकाइराख्न सफल भएका छन्।

यस क्षेत्रमा थोरै रकम पनि लगानी गर्न सकिने भएकाले पहिला लगानी गरिएको पुँजीबाट प्राप्त लाभांशलाई पुनःसेयरमा नै लगानी गर्न सकिन्छ, त्यो रकमले पनि पैसा कमाउन थाल्छ, जसले गर्दा सम्पत्ति झन् छिटो बढ्छ। अल्बर्ट आइस्टाइनले भने जस्तै संसारको आठौं आश्चर्य अर्थात् चक्रीय वृद्धिले तपाईंको वासलातमा रहेको सम्पत्ति कोलमको योगफल बढोत्तरीमा जादुमयी काम गर्न थाल्नेछ, जुन अपत्यारिलो लागे तापनि यथार्थ हुनेछ। यति मात्रै होइन, सेयरको मूल्य समयसँगै बढ्ने भएकाले मुद्रास्फीतिको असरबाट पैसा जोगाउन र त्यसलाई जित्न सहयोग गर्छ।

यसरी पुँजी बजारमा गरिने लगानीले सिधा खालको प्रतिफल मात्रै नभई अप्रत्यक्ष लाभहरू दिइरहेको हुन्छ। समुन्द्रमा जानेले जस्तो भाँडा बोकेर जान्छन् त्यतिनै पानी पाउँछन् भने जस्तै धितोपत्र बजारमा पनि जसले जस्तो ज्ञान र सीप प्रयोग गर्छ सोही बमोजिमको प्रतिफल भेटिने निश्चित छ। यसैले हरेक लगानीकर्ताले बजारमा लगानी गर्नुपूर्व पैसा बनाउने रहस्य बुझ्न जरुरी छ। सम्पत्ति निर्माणमा बजारले कसरी काम गरी रहेको छ ? थाहा पाएर लगानीको यात्रालाई आरम्भ गर्नसक्ने हो भने लक्ष्यसम्म पुग्ने बाटो पहिलाउन खास समस्या छैन। यसैले धन कमाउने रहस्य धितोपत्र बजारमा छ। यसका लागि आफूलाई सधैं अब्बल बनाइराख्न आफ्नो योग्यता, अनुभव, अध्ययन र सिकाइलाई चम्काइराख्न खाँचो देखिन्छ। *(लेखक सेयर बजारका जानकार हुनुहुन्छ)*

# विश्व समाचार

## युनुस पदबाट हट्नु हुन्न : बंगलादेशी मन्त्री

ढाका, ९ जेठ (रासस/एएफपी) ।

बङ्गलादेशका मुहम्मद युनुसलाई शान्तिपूर्ण सत्ता हस्तान्तरण सुनिश्चित गर्न अन्तरिम नेताका रूपमा पदमा 'रहन आवश्यक' रहेको युनुसका एक मन्त्रिमण्डल सदस्य तथा विशेष सल्लाहकारले शुक्रबार बताएका छन् ।

गत वर्ष जन विद्रोहपछि सत्ता सम्हाल्नुभएका ८४ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता युनुसले दलहरूले उहाँलाई समर्थन नदिए पदबाट राजीनामा दिने धम्की दिनुभएको एक राजनीतिक सहयोगी र उहाँको कार्यालयका स्रोतहरूले बताएका छन् ।

सन् २०२४ को अगस्तमा तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गर्ने विद्यार्थी नेतृत्वको विद्रोहपछि करिब १७ करोड जनसङ्ख्या भएको यो दक्षिण एसियाली राष्ट्र राजनीतिक अशान्तिमा छ र यहाँ दलहरूले विभिन्न माग राखी सडकमा प्रदर्शन गरिरहेका छन् ।

"बङ्गलादेश र शान्तिपूर्ण लोकतान्त्रिक सङ्क्रमणका लागि प्रोफेसर युनुस कार्यालयमा रहन आवश्यक छ", युनुसका विशेष सल्लाहकार तथा हुलाक, दूरसञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रमुख फैज अहमद तैयबले फेसबुकमा एक पोस्टमा भन्नुभयो, "मुख्य सल्लाहकारले राजीनामा दिनु हुनेछैन, उहाँ सत्ताका लागि लालायित हुनुहुन्न ।"

यस हप्ता बङ्गलादेशको राजनीतिक सङ्कट बढेको छ। प्रतिद्वन्द्वी दलहरूले राजधानी ढाकाको सडकमा विभिन्न प्रतिस्पर्धी मागका साथ प्रदर्शन गरिरहेका छन् ।

शक्तिशाली बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का हजारौं समर्थकले बुधवार ढाकामा पहिलो पटक अन्तरिम सरकार विरुद्ध ठूलो मात्रामा विरोध प्रदर्शन गरेपछि युनुसले राजीनामा दिने धम्की दिनुभएको बताइएको छ ।

युनुसले बढीमा जुन २०२६ सम्ममा चुनाव गराउने वाचा गर्नुभएको छ तर हसिनालाई अपदस्थ गरिएपछिको पहिलो अत्यधिक प्रतीक्षित चुनावमा अग्रणी मानिएको बिएनपीका समर्थकहरूले उहाँलाई चुनावको मिति तोक्न माग गरेका छन् ।

युनुसको सेनासँगको सम्बन्ध पनि बिग्रिएको बताइएको छ। स्थानीय मिडिया र सैन्य स्रोतहरूका अनुसार शक्तिशाली सेना प्रमुख जनरल वाकर-उज-जमानले बुधवार डिसेम्बरसम्ममा चुनाव गराउनुपर्ने बताउनुभएको थियो ।

तैयबले शुक्रबार सेनालाई चेतावनी दिनुभयो । "सेनाले राजनीतिमा हस्तक्षेप गर्न सक्दैन", उहाँले लेख्नुभयो, "कुनै पनि सभ्य देशमा सेनाले त्यसो गर्दैन, डिसेम्बरसम्ममा चुनाव गराउनुपर्छ भनेर सैन्य प्रमुखले आफ्नो क्षेत्राधिकारको शुद्धता कायम राख्न असफल हुनुभयो ।"

## गाजामा इजरायली हमलामा १६ को मृत्यु

गाजा सिटी (प्यालेस्टिनी क्षेत्रहरू), ९ जेठ (रासस/एएफपी) ।

गाजाको नागरिक सुरक्षा एजेन्सीले शुक्रबार इजरायली आक्रमणमा १६ जनाको मृत्यु भएको बताएको छ। त्यहाँ हालैका दिनहरूमा इजरायलले आफ्नो सैन्य आक्रमण बढाएको छ ।

'मध्यरातदेखि गाजा पट्टीका विभिन्न क्षेत्रमा इजरायली आक्रमण' बाट कुल १६ जनाको मृत्यु भएको एजेन्सीका अधिकारी मोहम्मद अल-मुगायरले बताउनुभयो ।

अधिकारीका अनुसार मुख्यतया क्षेत्रको मध्य र दक्षिणमा आक्रमण गर्दा दर्जनौं मानिस घाइते भएका छन् इजरायलले दुई महिनाको युद्धविरामको अन्त्य गर्दै मार्च १८ मा गाजामा पुनः आक्रमण सुरु गरेको हो ।

बिहीबार गाजाको स्वास्थ्य मन्त्रालयले त्यसबेलादेखि यस क्षेत्रमा कम्तीमा तीन हजार छ सय १३ जनाको मृत्यु भएको र युद्धको कुल सङ्ख्या ५३ हजार सात सय ६२ पुगेको बताएको छ ।

आधिकारिक तथ्याङ्कमा आधारित एएफपी टोलीका अनुसार हमासको सन् २०२३ अक्टोबरको आक्रमणले सुरु गरेको युद्धमा इजरायलमा एक हजार दुई सय १८ जनाको मृत्यु भएको थियो । तीमध्ये अधिकांश सर्वसाधारण थिए ।

हमास लडाकूहरूले दुई सय ५१ जना बन्धकहरू पनि लिएका थिए। तीमध्ये गाजामा रहेका ५७ मध्ये ३४ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

## एर्दोगानका शत्रुसँग सम्बन्धका कारण टर्कीमा ६५ सैनिक र प्रहरी पक्राउ

इस्तानबुल, ९ जेठ (रासस/एएफपी) ।

टर्कीले शुक्रबार बिहान ६५ जना सैनिक र प्रहरी अधिकारीहरूलाई स्वर्गीय प्रचारक फेतुल्लाह गुलेनसँग सम्बन्ध रहेको आरोपमा पक्राउ गरेको छ । गुलेनमाथि सन् २०१६ को असफल कुको योजनाकार भएको आरोप लगाइएको थियो ।

टर्कीको सरकारी समाचार एजेन्सी एनादोलुले टर्की सशस्त्र बलका ५६ सक्रिय सैनिकलाई पक्राउ गरिएको र अन्य सात जनाको खोजी जारी रहेको बताएको छ ।

यसैबीच हक्क टिभीले नौ जना प्रहरी अधिकारीलाई पक्राउ गरिएको उल्लेख गर्दै भनेको छ, "तीमध्ये अधिकांश इस्तानबुलमा छन् ।"

"इस्तानबुलकेन्द्रित ३६ प्रान्तमा आतङ्कवादी सङ्गठन फेटोविरुद्धको कारबाहीमा हिरासत आदेश जारी गरिएका ६३ सक्रिय कर्तव्यरत सैनिकमध्ये ५६ जनालाई पक्राउ गरियो", एनादोलुले भन्यो ।

फेटो अर्थात 'फेथुल्लाह आतङ्क सङ्गठन' - टर्कीले गुलेनको हिज्मत आन्दोलनलाई दिएको नाम हो । गुलेनको एक समय पर्दा पछाडि व्यापक प्रभाव थियो ।

दुई जना कट्टु शत्रु बन्नुअघि अक्टोबरमा मृत्यु भएका गुलेन कुनै समय राष्ट्रपति रेसेप तैयप एर्दोगानका घनिष्ठ सहयोगी हुनुहुन्थ्यो । उहाँ सन् १९९९ मा संयुक्त राज्य अमेरिका भाग्नुभयो र कहिल्यै फर्कनुभएन ।

उहाँको मृत्युपछि पनि टर्कीले विश्वभर उहाँका अनुयायीहरूलाई खेदने काम गरेको छ । अभियोजकहरूको बयान उद्धृत गर्दै हल्केले गिरफ्तारी अपरेसन इस्तानबुलमा स्थानीय समयानुसार बिहान ६:०० बजे सुरु भयो र यसमा वायु सेना, जेन्डरमेरी, भूमि र नौसेनाका सदस्यहरू संलग्न रहेको बताएको छ ।

# काँग्रेस नेतृ साहको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ९ जेठ ।**

काग्रेस नेतृ मालती देवी साह (स्वर्णकार) को शुक्रबार कोशी किनारमा अन्त्येष्टी गरिएको छ ।

राजविराज ४ निवासी ७१ वर्षिया साहको बिहीबार उपचारका क्रममा स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा निधन भएको थियो ।

उनी केही समय यता अस्वस्थ्य रहदै आएको परिवारजनले जनाएको छ ।

बि.स. २०५२ सालमा उनी नेपाल महिला संघ सप्तरीको अध्यक्ष भई राजनीतिमा सक्रिय थिइन् ।

उनलाई अन्तिम बिदाई र श्रद्धाञ्जली व्यक्त गर्न स्थानीय नेता/कार्यकर्ता र शुभेच्छुकको निवास स्थालमा भीड लागेको थियो ।

उनको निवासमा महाधिवेशन प्रतिनिधि मालती चौधरी, शुशिल सेवा, प्रदेश २ ( ख) का उपसभापति अजय सिंह, युवा नेता इरसाद अन्सारी लगायतले पार्टीको झण्डा ओढाएर सम्मान गरेपछी उनको पार्थिव शरीर हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी किनारको कोशी घाटमा पुऱ्याइएको थियो । जहाँ जेठा छोरा राजेश साह "पिन्टु" ले दागवत्ति दिए ।

नेपाली काँग्रेस सप्तरीले उनको निधनप्रति गहिरो दुःख तथा समवेदना प्रकट गरेको छ । सचिव सनत मण्डलले शुक्रबार एक शोक वक्तव्य जारि गर्दै महिला नेतृ साहको निधनले पार्टीलाई अपुरणीय क्षति पुगेको उल्लेख छ ।

# सीमाक्षेत्रमा हुने आपराधिक घटना तथा चोरी तस्करी कडाइका साथ रोक्न गृहमन्त्री लेखकको निर्देशन




जनकपुरधाम, ९ जेठ (रासस) ।

गृहमन्त्री रमेश लेखकले मधेश प्रदेशअन्तर्गत नेपाल र भारतीय सीमा क्षेत्रमा हुने आपराधिक घटना तथा चोरी तस्करी कडाइका साथ रोक्न यहाँका सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ ।

नेपाल सरकार गृह मन्त्रालय र मधेश प्रदेशको विभागीय मन्त्रालयद्वारा आज यहाँ आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीको उद्घाटन गर्दै उहाँले खुल्ला सिमाना रहेकाले सुरक्षाको सवालमा उच्च सतर्कता अपनाउन निर्देशन दिनुभयो ।

गृहमन्त्री लेखकले प्रदेशको शान्तिसुरक्षाको जिम्मेवारी बोकेका नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलगायत सुरक्षा निकायले देशको बदलिँदो परिस्थितिअनुसार इमानदारिताका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो । "

देशमा हाल लागुऔषध, सडक दुर्घटना, आत्महत्या तथा साइबर क्राइमलगायतका सामाजिक विकृतिका गम्भीर समस्या बढ्दै छन् । मधेश प्रदेशका सबै जिल्ला भारतीय सीमासँग जोडिएकाले पनि यहाँ थप सतर्कता अपनाउन आवश्यक छ । उल्लेखित समस्यालाई के कसरी रोकथाम गर्न सकिन्छ, त्यसतर्फ पनि सुरक्षा निकायले गम्भीरतापूर्वक लाग्नुपर्ने जरूरी छ", उहाँले भन्नुभयो ।

गृहमन्त्री लेखकले राष्ट्रसेवक कर्मचारीहरूले कानुनविपरीत आर्थिक लोभ र लाभमा नपरी इमान्दारी एवं निष्पक्ष भई छिटो, सरल र सहज तरिकाले सेवा प्रवाह गर्न निर्देशन दिनुभयो ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रहरी समायोजन नहुँदा प्रदेश सरकारलाई शान्तिसुरक्षाका काम गर्न समस्या भएको गुनासो गर्नुभयो । उहाँले प्रदेशअन्तर्गत रहेका सुरक्षा निकायलाई आफ्नो सीमित साधनस्रोतका बाबजुद सक्दो सहयोग गरिरहेको भन्दै तत्काल प्रहरी समायोजनको काम अगाडि बढाउन आग्रह गर्नुभयो ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले छिमेकी देशमा बलिरहेको द्वन्द्व र असमझदारीले नेपालको सीमाक्षेत्रमा सुरक्षा चुनौती थपिँदै जाने अवस्थातर्फ सतर्क तथा सचेत रहन सुरक्षा निकायलाई आग्रह गर्नुभयो ।

गोष्ठीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रदेश तथा जिल्ला प्रमुख, आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलगायतको सहभागिता रहेको छ ।

# लागुऔषध गाजासहित एक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ९ जेठ ।**

सप्तरी प्रहरीले हनुमाननगर राजविराज सडक खण्डबाट शुक्रबार एक व्यक्तिलाई लागुऔषध गाजासहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको तिरहुत गाउँपालिका ४ बस्ने ३८ वर्षिय मो. सजित छन् ।

सो सडकखण्डस्थित तिलाठी कोईलाडी गाउँपालिका ८ तोपा चोकमा इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटिएको प्रहरी टोलीले पैदल हिडिरहेका मो. सजितलाई शंका लागि चेकजाच गर्दा उनको साथबाट पाँच किलो प्रतिबन्धित लागुऔषध गाजा बरामद भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार सजितले बोकेको झोला भित्र सेतो प्लास्टिकमा उक्त लागूऔषध गाँजा फेला परेकोले उनलाई सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान कार्य भईरहेको छ ।

## सरसफाईकर्मीले...

खुवाउन असहयोग गरेको तथा धर्नामा वस्दा आफुहरुलाई गाली बेइज्जत गरेको गुनासो गर्दै निजलाई अन्यत्र सरुवा नगरे सम्म काममा नफर्कने अडान राखेका छन ।

राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले योजना अधिकृत यादव कै कारण नरपालिकामा समस्या उत्पन्न हुने गरेको सुनाईन । उनले सरसफाईकर्मी संग मात्र नभई योजना अधिकृत यादवले आफुलाई समेत गाली बेइज्जत र कार्यालयमा उपद्रव मच्चाएको बताईन ।

दुई दिन अघि अधिकृत यादवले केही बाहिरी गुण्डाहरु ल्याएर आफ्नो कार्यकक्षमा प्रवेश गरि तोडफोड र गाली गलौज गर्दै उपद्रव मच्याए पछी आफुले उनी विरुद्ध प्रहरीमा उजुरी दिएको समेत जानकारी दिइन ।

उनले नगरपालिकाको प्रत्येक फाँटमा अनावश्यक हस्तक्षेप गर्ने र वेला बेलामा उपद्रव मचाई सेवा प्रवाहलाई प्रभावित बनाउने योजना अधिकृतलाई कारवाहीका लागी सम्बन्धित निकायमा पहल भईरहेको जानकारी समेत गराएकी छिन ।

उनले नगरपालिकाका सरसफाइ कर्मचारी काम छोडेर आन्दोलनमा उत्रेपछी बजार क्षेत्रका फोहर उठाउन समस्या भएको भन्दै समस्या समाधानका लागी आफुहरुले आवश्यक पहल गरिरहेको जानकारी समेत दिइन ।

नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**सुधार तथा मालपोत कार्यालय राजबिराज,ससरी**
(भूमिसुधार शाखा)

प.स. २०८१।०८२ मिति : २०८२।०२।०६
च.नं. ११५८

**विषय : म्याद प्रकाशन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा वादी मुनीलाल मेहता र प्रतिवादी जि.स.गा.वि.स. तिलाठी वार्ड नं.६ हाल तिलाठी कोइलाडी गा.पा.वाडं नं.१ बस्ने महन्थ झाको हक खाने छोराहरु राजकुमार झा र उदयकान्त झा समेत संगको मि.नं.१७ मोही नामसारी र मि.नं.१३ मोही बाँडफाड गरि पाउं । समेत मुद्दामा तपसिल बमोजिम को जग्गामा यस कार्यालयको मिती २०८१।१।२८ गतेको आदेशानुसार भूमि सम्बन्धी ऐन २०२१ को दफा (१२) बमोजिम ३० (तिस) दिन म्याद सरहको सार्वजनिक सूचना प्रकाशित भएको मिती ले बाटोको म्याद वाहेको ३० दिन भित्र आफ्नो सबुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस अड्डामा हाजिर हुन आफै आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला । ऐन बमोजिम पुर्पक्ष हुने छ । अन्यथा कानुन बमोजिम तपसिलको जग्गा मोही दर्ता नामसारी भई जाने छ । र म्याद गुजारी बसे पछि यस विषयमा तपाईको कुनै किसिमको उजुरी बाजुरी लाग्ने छैन ।

**तपसिल**

| क्र.स. | ज.ध.को नाम | जिल्ला | गा.वि.स | वाडं नं. | कि.नं. | ज.वि | मोही |
|---|---|---|---|---|---|---|---|
| १. | महन्थ झाको हक खाने छोराहरु राज कुमार झा, उदयकान्त झा समेत | सप्तरी | तिलाठी | १(क) | १८६ | ०-८-२ | मुनीलाल मेहता |
| | | | | १(ख) | २६ | ०-११-१५ | |
| | | | | २(ख) | २४ | ०-१०-१० | |
| | | | | ३(क) | ३३ | ०-१३-१६ | |
| | | | | ३(ख) | २६ | ०-६-५ | |

नोट :- यसमा पत्रिका प्रकाशनमा लाग्ने दस्तुर स्वयम व्यक्तिबाट भराइ लिनु हुन अनुरोध छ ।

२०८२/०२/०६
नायब सुब्बा

# पानीसँगै यसपटक डेङ्गी सङ्क्रमणको जोखिम पनि बढ्ने

काठमाडौँ, ९ जेठ (रासस) ।

यसपटक सरदरभन्दा बढी बर्खा हुने भएपछि डेङ्गी सङ्क्रमणसमेत बढ्ने प्रक्षेपण गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागले यसपटक मनसुनमा सरदरभन्दा बढी पानी पर्ने भनेपछि डेङ्गी सङ्क्रमणको जोखिम पनि बढ्ने इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा गोकर्णप्रसाद दाहालले भन्नुभयो, "गत वर्षको तुलनामा हाल कम सङ्क्रमण देखिएको छ तर यस वर्ष मौसम विभागले धेरै नै पानी पर्ने भनेको छ । त्यसले सङ्क्रमणको जोखिम बढाउने छ ।"

पानी धेरै पर्दा जम्मा हुने पानीमा डेङ्गी सार्ने लामखुट्टे फस्टाउने भन्दै उहाँले सतर्कता अपनाउन सबैलाई आग्रह गर्नुभयो । दाहालले पानी सङ्कलन हुने टायर, गमला जस्ता ठाउँ हालैदेखि व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँका अनुसार पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल निस्किने लार्भा वयस्क भएपछि त्यसले टोकेमा डेङ्गु रोग लाग्ने गरेको छ ।

शाखा प्रमुख डा दाहालले पुस १७ देखि हालसम्म ७१ जिल्लामा एक हजार ८१ जनामा सङ्क्रमण देखिएको र पाँच जनाभन्दा बढी सङ्क्रमण भएका ३० स्थानीय तहमा सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न पत्राचार गरिएको जानकारी दिनुभयो ।

सन् २०२४ मा डेङ्गी सङ्क्रमण ७६ जिल्लामा फैलिएको थियो भने १५ जनाको मृत्यु र ४१ हजार ८६५ जना सङ्क्रमित भएका थिए ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*